

# अध्याय -3

## परमेश्वरको लक्ष्यमा लाग्न उहाँको आह्वान

यस अध्यायका मूल पदहरू: उत्पत्ति ११:१-९, उत्पत्ति १२:१-३, दानिएल ९:२४-२७, मत्ती १:२१, उत्पत्ति १२:१०-१३-१, प्रेरित ८:१-४ र प्रेरित १:८

<u>यस अध्यायको मूल सार पद:</u> *"पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" प्रेरित १:८।*

सुविधासम्पन्न क्षेत्रबाट उहाँको साक्षी हुन कहिलेकाहीँ परमेश्वरले हामीलाई अर्को स्थानतिर सार्नुहुन्छ। यस परिवर्तन उहाँको लक्ष्यलाई पूरा गर्न उहाँले प्रयोग गर्नुहुन्छ। बाबेलको धरहरा बनाउँदा मानिसहरूलाई तितरबितर पार्नुभएको एउटा उदाहरण हो। "सारा संसारमा मानिसहरूको जनसंख्या बढाउन परमेश्वरले मानिसहरूलाई तितरबितर पार्नुभएको थियो। परमेश्वरको लक्ष्यलाई रोक्न खोज्ने मानिसहरूको प्रयासलाई उहाँले ठुकऱ्याइदिनुभएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १२०। अब्राहम पनि आफ्नो पूर्खाको देशबाट अर्कै देशमा गएका थिए (उत्पत्ति १२)। मुर्तिपूजाहरूको बिगिविगि भएको संसारमा उनलाई जीवित परमेश्वरको साक्षी हुन उनको देशबाट सारिएको थियो। येशूका चेलाहरू आफ्ना यहूदी मानिसहरूको बीचमामात्र काम गर्दै थिए (प्रेरित ३) र त्यसपछि अरू जातिको बीचमा पनि काम गर्न पुगेका थिए (प्रेरित ८:१-४)।

प्रेरित १:८ मा येशूले सुसमाचार प्रचार गर्ने नीतिलाई प्रस्तुत गर्नुभएको थियोः तिनीहरू आफ्नो स्थानीय टोलबाट सुसमाचार प्रचार गर्न सुरु गर्ने थिए, त्यसपछि यरुशलेम सहरमा र यहूदीया राज्यमा, अनि यहूदीहरूभन्दा बाहिरका जाति रहेको सामारियामा र, आखिरमा सारा पृथ्वीको कुनाकाप्चाहरूमा जान अऱ्हाइएको थियो।

हामी आफ्नो देश नै छोडेर जन नपरेतापनि हाम्रा वरिपरि रहेका मानिसहरूकहाँ पुगेको उहाँ चाहनुहुन्छ। जब यरुशलेम चर्चमा मानिसहरू आफ्नै सुविधाहरूमा बसेका थिए तब तिनीहरूलाई तितरबितर पारिएको थियो। तिनीहरूलाई सताइएको आएको थियो र मानिसहरूले कष्ट भोग्न वाध्यभएका थिए, तर ती दुर्भाग्य घट्नाहरू नै सारा संसारमा सुसमाचार सुनाउने माध्यमहरू बन्न पुगेको थियो।

## १. सुविधा सम्पन्न क्षेत्रबाट अपार क्षेत्रमा

अरूहरूलाई सुसमाचार सुनाउन, हामीलाई कहिलेकाहीँ सुखसुविधा क्षेत्रबाट परमेश्वरले सार्नुहुन्छ। आफ्नै जनहरूको बीचमा रहँदा, आफ्नै आफन्तहरूसँग रहँदा, आफ्नै जातिको बीचमा रहँदा र आफ्नै सामाजिक वर्गहरूसँग न रहँदा कहिलेकाहीँ हामी स्वार्थी हुन सक्छौं र त्यतिमात्रै नभएर खराब पनि हुन सक्छ। बाबेलको धरहराको कथाले यस खतराको पाठ हामीलाई सिकाउँदछ।

**उत्पत्ति ११:१-९ ध्यान दिएर पढ्नुहोस्। मानिसहरूको नियतहरू कस्ता थिए? तिनीहरू के गर्न चाहेका थिए, र परमेश्वरले तिनीहरूको योजनालाई कसरी ठुकऱ्याइ दिनुभयो? हेर्नुहोस्, "१ त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थिए। २ मानिसहरू पूर्वतिर सर्दैजाँदा शिनार देशमा एउटा मैदान भेट्टाएर त्यहीँ बसोबास गरे। ३ तिनीहरूले आपसमा भने, "लौ, हामीहरू ईंट बनाएर पोलौं।" ढुङ्गाको सट्टा ईंट र हिलोको सट्टा अलकत्रा तिनीहरूले प्रयोग गरे। ४ तब तिनीहरूले भने, "लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जताततै नछरिऔं।" ५ मानिसहरूका सन्तानले बनाइरहेका सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो। ६ अनि परमप्रभुले भन्नुभयो, "यदि एउटै भाषा बोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब**

**तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन। ७ आओ, तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं, र तिनीहरूले एक-अर्काको बोली नबुझून्।" ८ तब परमप्रभुले त्यहींबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो सहर बनाउन छोड़िदिए। ९ यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो।"**

मानिसहरू सामुहिक रूपमा ठूलो **आकाँक्षा लिएर** अघि बढेका थिए भनेर बाबेलको धरहराको कथाले प्रकट गर्दछ। तिनीहरूले तिनीहरूको नाउँ राख्न भव्य संरचना बनाउने योजना गरेका थिए-सहर र धरहरा जुन संसारको कुनै पनि ठाउँमा थिएनः "आकाशहरूसम्मै पुग्ने धरहरा हामी बनाऔं ताकि हाम्रो नाउँ प्रख्यात होस्।" उत्पत्ति ११:४)।

आजभोली पनि कतिपय मानिसहरू त्यही गर्न सुरु कस्छन्। राजनैतिक हिसाबबाट होस्, कुनै दर्शन वा वादबाट होस्, कलाकृतिबाट होस्, व्यापार वा आर्थिक जगतबाट होस्, वा धर्मकै नाउँमा किन नहोस्, मानिसहरू जसरी भएतापनि प्रख्यात हुन चाहन्छन्। आफ्नो नाउँ ठूलो भएको कतिपय मानिसहरू चाहन्छन्। आखिरमा आएर तिनीहरूको प्रयास बिफल नै भएको हुन्छ (उपदेशक २:१-११ हेर्नुहोस्)।

आफूहरू तितिरबितर नहोस् भनेर भयानक अल्गो गगनचुम्बी धरहरा बनाउन ती मानिसहरूले चाहेका थिए भनेर उत्पत्ति ११:४ले बताउँछ। तिनीहरू जहाँ थिए त्यहीं तिनीहरू रहन चाहेको थियो। आफ्नै स्वार्थ पूरा गर्न तिनीहरू एकजुट भएका थिए। तर परमेश्वरको योजना अर्कै थियो।

ती मानिसहरू आफ्नो काममा पनि एकजुट भएका थिए। तर, "अनि परमप्रभुले भन्नुभयो, "यदि एउटै भाषा बोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन।" उत्पत्ति ११:६। यथार्थमा ती मानिसहरूको महत्त्वाकाँक्षा योजना खराब थियो।

बाइबलमा तोकेरै नभनेतापनि एलेन जी ह्वाइटले भन्नुहुन्छ कि परमेश्वरले पानीबाट यस संसार नाश गर्नुहुनेछैन (उत्पत्ति ९:१४,१५) भन्ने उहाँको वचनलाई तिनीहरूले विश्वास गरेका थिएनन्। परमेश्वरको वचनमाथि

भरोसा राख्नुको सट्टा तिनीहरू आफैले सुरक्षित ठाउँको निर्माण गर्न खोजेका थिए। तिनीहरूको आखिरी नियत जे भएतापनि परमेश्वरलाई थाहा थियो कि तिनीहरूको चाल शुद्ध थिएन; तिनीहरू स्वार्थी भावना तथा आकाँक्षाले भरिएका थिए। त्यसकारण, तिनीहरूले सुरु गरेको लक्ष्यमा नपुग्न परमेश्वरले हस्तक्षेप गर्नुभएको थियो।

**के तपाईं आफ्नै जातिय समूह वा आफूलाई मन पर्ने मानिसहरूकहाँमात्रै सुखसुबिधासाथ बस्न चाहनुभएको छ? तपाईको जात, देश वा मानिसहरूभन्दा बाहिरसँगपनि तपाईं एक हुनुहुन्छ भनेर तपाईंले कसरी देखाउन सक्नुहुन्छ?**

## २. सारा संसारको निम्ति आशिष हुन

**उत्पत्ति १२:१-३ पढ्नुहोस्। आफ्नो लक्ष्य पूरा गर्न परमेश्वरले अब्राहमलाई कसरी आह्वान गर्नुभएको थियो? हेर्नुहोस्, "१ परमप्रभुले अब्राहमलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिषको मूल हुनेछौ। ३ तिमीलाई आशिष दिनेहरूलाई म आशिष दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुल वा जातिले आशिष पाउनेछन्।"**

अब्रामलाई, जसको नाउँ पछि अब्राहम भएको थियो, परमेश्वले आफ्नो देश र नाताकुतुम्बहरूलाई त्यागेर उनले नचिनेको देशमा जान परमेश्वरले अऱ्हाउनुभएको थियो। यस पृथ्वीमा आफ्ना लक्ष्यहरू पूरा गर्ने योजनाको माध्यम हुन परमेश्वरले अब्राहमलाई रोज्नुभएको थियो। परमेश्वरको वचनलाई शिरोपर गरेर अब्राहम आफ्नो देशबाट निस्केका थिए। यदि तपाईंको निम्ति परमेश्वरको योजना छ भने तपाईंलाई पनि आफ्नो देश, जाति र नाताकुतुम्बहरूलाई छोडेर जान उहाँले अऱ्हाउन सक्नुहुन्छ। उहाँको सेवा गर्न र अरूहरूको निम्ति आशिष बन्न तपाईंले कतिपय समयमा आफ्नो देश छोड्नुपर्ने हुन्छ।

**देहायका पदहरू पढ्नुहोस्। परमेश्वरको करार र उहाँले हामीलाई के गर्नुहुनेछ भन्ने उहाँको प्रतिज्ञा हामीलाई ती प्रत्येक पदबाट के सिकाउँछ?**

**हेर्नुहोस्, उत्पत्ति ३:१५** "तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। ***त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।"***

उत्पत्ति १७:१९ "तब परमेश्वरले भन्नुभयो, "हो, तर तिम्री पत्नी साराले नै तिम्रो लागि एउटा छोरा जन्माउनेछे, र तिमीले त्यसको नाउँ इसहाक राख्नेछौ। म त्यससित र त्यसपछि हुने त्यसका सन्तानसित आफ्नो करार स्थापित गर्नेछु।"

**गन्ती २४:१७ "म उहाँलाई देख्छु, तर अहिले त होइन। म उहाँलाई हेर्छु, तर नजिकै त होइन। याकूबबाट एउटा तारा उदय हुनेछ, र इस्राएलबाट एउटा राजदण्ड उठ्नेछ। उहाँले मोआबका टाउको किच्च्याउनुहुनेछ, अनि शेथका सन्तानलाई ध्वंस पार्नुहुनेछ।"**

**यशैया ९:६, "किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ।"**

**दानिएल ९:२४-२७ "२४ "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू' को आदेश तोकिएको छ।**

**२५ "यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि**

**मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।"**

**मत्ती १:२१ "तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।"**

अदनको बगैंचामा गर्नुभएको वाचा उहाँले पूरा गर्नुहुनेछ भनेर माथिका पदहरूले स्पष्टरूपमा बताउँदछ; पापको समस्याको समाधानको निम्ति यस संसारमा कोही आउनुहुनेछ। यो समाधान येशू मसीह हुनुहुने थियो जो अब्राहम र इसहाक (साराद्वारा)को बंशबाट आउनुहुने थियो। परमेश्वरले अब्राहमलाई दिनुभएको आशिषको प्रतिज्ञा इसहाक र याकूबको सन्तानबाट पूरा हुनेथियो भनेर हिब्रू ११:९ ले बताएको छ।

आफ्नो सन्तानबाट आउने प्रतिज्ञाको सन्तानको बारेमा अब्राहमलाई कति थाहा थियो वा कति बुझेका थिए सो हामीलाई ठ्याक्कै थाहा छैन, तर उनी विश्वासबाट परिचालित हुन तयार भएका थिए। "विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन।" हिब्रू ११:८।

अब्राहम हाम्रो निम्ति अत्यन्तै अनुसरणीय व्यक्ति हुनुहुन्छ।

***तपाईंलाई थाहा नभएको ठाँउमा परमेश्वरले तपाईंलाई बोलाइरहनुभएको छ रे! त्यसको जवाफ तपाईंले कसरी र किन दिनुहुन्छ?***

## ३. अब्राहमलाई बोलाउनुहुन्छ

परमेश्वरले बोलाउनुभएपछि उहाँकै निर्देशन अनुसार अब्राहम उहाँले प्रतिज्ञा गर्नुभएको भूमिमा पसे। तर सुरुदेखि नै उनको निम्ति सबै कुरा ठिक भएको थिएन। जहाँ परमेश्वरले जाऊ भन्नुभयो त्यहाँ उनी गए, तर बाइबलले बताउँछ, "कनानीहरू त्यस भूमिका थिए" (उत्पत्ति १२:६)। तिनीहरू मूर्तिपूजक थिए। तिनीहरू निर्दयी र हिंस्रक थिए। त्यसैकारण, जब अब्राम त्यहाँ पुग्नेबित्तिक्कै प्रभु उनकहाँ देखा पर्नुभयो र भन्नुभयो, "तिम्रै सन्तानलाई यो भूमि दिनेछु" (उत्पत्ति १२:७)। अब्राहमलाई उत्साहको आवश्यकता थियो। तैपनि सबै थोक ठिक ठिक अझै भएको थिएन, कमसेकम सुरुमा।

उत्पत्ति १२:१०-१३:१ पढ्नुहोस्। त्यहाँ अब्राहमलाई के भयो र त्यस परमेश्वरको मानिसले के भूलहरू गरे? हेर्नुहोस्, "१० अनि त्यस देशमा अनिकाल पर्‍यो। अनिकाल तीव्र भएको हुनाले अब्राम मिश्रदेशमा प्रवास गर्नलाई गए। ११ तिनी मिश्रमा पस्नै लाग्दा तिनले आफ्नी पत्नी साराईलाई भने, "हेर, तिमी हेर्नमा सुन्दरी छ्यौ भन्ने मलाई थाहा छ। १२ जब मिश्रीहरूले तिमीलाई देख्छन्, 'यो त त्यसकी पत्नी रहिछ' भन्नेछन्। र मलाई मारेर तिमीलाई चाहिँ जीवित राख्नेछन्। १३ 'म तिनकी बहिनी हुँ' भनी तिमीले भनिदेऊ, र तिम्रो कारण मलाई भलो हुनेछ, र तिम्रै कारण मेरो ज्यान जोगिनेछ।"

१४ जब अब्राम मिश्रमा पसे तब मिश्रीहरूले त्यस स्त्रीलाई अत्यन्त सुन्दरी रहिछन् भनी देखे। १५ अनि फारोका अधिकारीहरूले तिनलाई देखेर फारोकहाँ तिनको तारीफ गरे, र तिनलाई फारोको महलमा लगे। १६ तिनको खातिर फारोले अब्रामसँग राम्रो व्यवहार गरे, र अब्रामलाई भेड़ा, गाईबस्तु, कमारा-कमारी, गधा र ऊँटहरू दिए। १७ तर परमप्रभुले अब्रामकी पत्नी साराईको कारणले फारो र उनको परिवारमाथि भयानक विपत्तिहरू पठाउनुभयो। १८ यसकारण फारोले अब्रामलाई बोलाएर भने, "यो तिमीले मलाई के गर्‍यौ? तिनी तिम्री पत्नी हुन् भनेर तिमीले मलाई किन भनेनौ? १९ 'तिनी मेरी बहिनी हुन्,' भनेर तिमीले किन भन्यौ? यसैले मैले तिनलाई मेरी पत्नी तुल्याउन लगेको हुँ। अब हेर, तिम्री पत्नी यहीँ छिन्। तिनलाई लिएर जाऊ।" २० अनि फारोले आफ्ना मानिसहरूलाई तिनको विषयमा हुकुम गरे, र तिनीहरूले अब्रामलाई तिनकी पत्नी र तिनीसँग भएका सबै थोकहरूसमेत पठाइदिए।" "१ अब्राम, तिनकी पत्नी र तिनीसँग भएका सबै थोक र लोतलाई साथमा लिएर मिश्रबाट उक्लेर नेगेवमा आए। २ पालिने पशु, सुन र चाँदी भएकाले अब्राम अति धनाढ्य थिए।" उत्पत्ति १२:१०-२०; उत्पत्ति १३:१-२।

अब्राहम कतिको निरुत्साह भएका थिए: अत्यन्तै सुविधासम्पन्न र आफ्नो सम्पन्न देश छोडेर आफू कहाँ जाने हो सो थाहा नहुने देशमा उनी गएका थिए (हिब्रू ११:८)। त्यस देशमा पुग्ने बित्तिक्कै उनले अनिकाल पो खप्नुपर्‍यो। त्यो अनिकाल यस्तो खराब थियो कि परमेश्वरले नै बसोबास गर भन्ने ठाउँबाट निस्केर कतै जानु परेको थियो। अनि स्थिति त झन खराब पो भयो।

"मिश्र देशमा बसेको समयमा अब्राहममा मानवीय कमजोर र असिद्धपनाबाट उनी स्वतन्त्र थिएन भनेर उनले प्रमाण दिएका थिए। सारालाई आफ्नी श्रीमती भन्ने तथ्यलाई उनले लुकाउँदा परमेश्वरमाथि उनको भरोसा छ भन्ने आस्थालाई उनले विश्वासघात गरेका थिए। उनमा हुनुपर्ने उच्च विश्वास र निराश उनमा कमी थियो। ती गुणहरूले नै उनको जीवनले आदर्शरूपमा देखाएको थियो। अब्राहमकै विश्वासको कमीले सारालाई ठूलो धर्मसङ्कटमा पारेको थियो। उनको सुन्दरता थाहा पाएपछि मिश्र देशको राजाले उनलाई दरवारमा भित्र्याए, उनलाई आफ्नी श्रीमती बनाउने उनको नियत थियो। तर परमेश्वरले आफ्नो ठूलो दया देखाउनुभएर साही घरानामा आपत पठाउनुभएको थियो र सारालाई सुरक्षित गर्नु भएको थियो।" एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. १३०।

मिसनको काम सजिलो छैन भनेर कसैले कसैलाई भनेको छैन। तर झुटो बोलेर र धोखापूर्ण चाल खेलेर अब्राहमले आफ्नो स्थितिलाई गम्भिर बनाएका थिए। भाग्यवस परमेश्वर धैर्यताको परमेश्वर हुनुहुन्छ, आफ्नो सेवकको भूलको कारणले उहाँल उनलाई त्याग्नुभएन। अब्राहमले एक पल्टमात्र भूल गरेका थिएनन्। यदि हामीले गल्ती गरेतापनि यदि हामी परमेश्वरलाई विश्वासद्वारा पक्रिराख्यौं र उहाँलाई हाम्रो जीवन अर्पण गरिरह्यौं भने परमेश्वरले उहाँको लक्ष्यको निम्ति हामीलाई प्रयोग गर्न सक्नुहुँदो रहेछ भनेर अब्राहमको कथाले हामीलाई देखाउँछ। अब्राहममा कमीकमजोरीहरू थिए र उनले भूल गरे तैपनि उहाँले उनलाई क्षमा दिनुभयो। त्यसरी नै उहाँले हामीलाई क्षमा दिनुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ।

***मिश्र देशमा अब्राहम पर्न गएको कथाले हामीले के पाठहरू सिक्न सक्छौं?***

## ४. सुरुको चर्च र सुविध सम्पन्न क्षेत्रहरू

**प्रेरित ८:१-४ पढ्नुहोस्। सुरुका चर्चका विश्वासीहरू आफ्नो सुविधा सम्पन्न क्षेत्रबाट किन तितरवितर हुनुपर्‍यो? हेर्नुहोस्, "१ स्टिफनको हत्यामा शाऊल पनि सहमत थिए। त्यसै दिन यरूशलेममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट सुरु भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै यहूदिया र सामरियाका इलाकातिर छरपष्ट भए। २ भक्तजनहरूले स्तिफनसलाई लगेर गाड़े, र तिनको निम्ति ठूलो विलाप गरे। ३ तर शाऊलले चाहिँ घर-घरमा पसेर मण्डलीलाई**

**संहार गरिरहेका थिए। तिनले पुरुष र स्त्रीहरूलाई घिस्स्याउँदै लगी झ्यालखानमा हालिदिन्थे। ४ तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे।" प्रेरित ८:१-४।**

यस बेलासम्म, चर्च यरुशलेम अर्थात् यहूदीहरूको क्षेत्रभित्र थियो। तब सतावट सुरु भयो। यहूदी धर्मको गुरु फारसी, कट्टर यहूदी र अतिवादी यहूदी सावल विश्वासीहरूलाई सखाप पार्न सक्रिय भएका थिए। अनि यरुशलेममा रहेको चर्च सारा यहूदीया र सामरिय भरि छरियो। येशूले प्रेरित १:८मा भविष्यवाणी गर्नुभएको थियो, "तिमीहरू यरुशलेम, र सारा यहूदिया र सामरियमा मेरो साक्षी हुनेछौ। येशूको यो  वक्तव्य त्यसबेला पूरा भयो, जुन प्रेरित ८:४मा उल्लेख गरिएको छ, "तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे।" प्रेरित ८:४।

यरुशलेमबाट बाहिर गएतापनि अझै पनि यहूदीहरूको बस्ती र यहूदी छरछिमेकी सहरहरूमा सुसमाचार प्रचार गर्दै थिए। फिनिसिया वा आधुनिक लेबनान र साइप्रसमा इसाईहरू तितरबितर भएतापनि तिनीहरूले केवल यहूदीहरूलाईमात्र प्रचार गरिरहेका थिए। येशूका चेलाहरू र सुरुका चर्चका विश्वासीहरू अन्यजाति पनि विश्वासमा आउनुपर्छ भन्ने चाहन गरेको थिएन। केवल यहूदीहरूमात्र येशूलाई विश्वास गर्नुपर्छ भन्ने तिनीहरूको मनस्थिति थियो। चर्चको मिसनको दायरामा तिनीहरूको लक्ष्य अझै साँघुरो दृष्टिकोण थियो अर्थात् येशू केवल यहूदीहरूको निम्तिमात्र मर्नुभएको थियो र स्वर्गको राज्य केवल यहूदीहरूकोमात्रै अधिकार वा पेवा हो भनेर चेलाहरूले बुझेका थिए।

सुरुको चर्चको अग्रजहरूमा येशूका चेला पत्रुस पनि थियो। उनी पनि अन्यजाति वा अयहूदीहरूकहाँ सुसमाचार पुऱ्याउन हिचकिचाएका थिए। अन्य जातिहरूमा सुसमाचार सुनाउन पावलले अग्र स्थान लिएका थिए। त्यसपछि पनि अयहूदीकहाँ सुसमाचार लिएर जान आनकानी गरेका थिए। पत्रुसलाई खतना गर्ने वा यहूदीहरूको निम्ति सुसमाचारवाहक वा प्रेरित भनेर चिनिएको थियो भने पावल अन्यजातिहरूकहाँ सुसमाचार सुनाउने प्रेरित भनेर सम्बोधन गरिएको थियो (गलाती २:८)। पत्रुस आफ्नो निर्णयमा यस्तो कट्टर थिए कि उनी अन्यजातिहरूको बीचमा उठबस गरेको कसैले पनि नदेखोस् भन्ने चाहेका थिए (गलाती २:११,१२)। तर परमेश्वरले पत्रुसलाई आफ्नो घेराबाट निकाल्नुभयो र उनको हृदय परिवर्तन गर्नुभयो। सुसमाचार सुनाउने आदेशको

पूर्ण अर्थ र येशूको मृत्यु संसारको सबै जातिहरूको निम्ति हो भन्ने सन्देश पाउँदा पत्रुस चकित भएका थिए।

**प्रेरित १० अध्याय पढ्नुहोस्। पत्रुसलाई प्रभुले के सन्देश दिन चाहनुभएको थियो। हाम्रै युगमा हामीले सुसमाचार सुनाउने लक्ष्यको नीतिलाई कसरी अवलम्बन गर्नुपर्छ भन्ने त्यस कथाबाट कसरी हामी बुझ्दछौं?** हेर्नुहोस्, "१कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए। २ तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। ३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, “कर्नेलियस!”

४ भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, “प्रभु, भन्नुहोस्।” अनि उनले तिनलाई भने, “तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्। ५ अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। ६ तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ।” ७ जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, ८ र तिनीहरूलाई सबै कुरा बताएर योप्पामा पठाए। ९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। ११ तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। १३ तब तिनले एउटा आवाज सुने, “ए पत्रुस उठ, र मारेर खाऊ।” १४ तर पत्रुसले भने, “होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ।” १५ त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, “परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान।” १६ तीन पल्टसम्म यस्तो भयो, र तुरुन्तै त्यो तन्ना स्वर्गतिर लगियो। १७ जब पत्रुस

आफूले देखेको यो दर्शनको अर्थ के होला भनेर मनमनै अन्योलमा परेका थिए,
त्यति नै बेला कर्नेलियसले पठाएका मानिसहरू सिमोनको घर खोज्दै ढोका
अगाडि खड़ा भए, १८ "पत्रुस भनिने सिमोन यहाँ बसेका छन् कि?" भनी उच्च
सोरमा सोधे। १९ जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए तब
पवित्र आत्माले तिनलाई भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्।
२० उठ, र तल जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने
तिनीहरूलाई मैले पठाएको हुँ।" २१ तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ
गएर भने, "हेर, तिमीहरूले खोजेको मानिस मै हुँ। तिमीहरू यहाँ आएको कारण
के हो?" २२ तिनीहरूले भने, "एक जना कप्तान कर्नेलियस, जो सोझा र
परमेश्‍वरसँग डराउने र सारा यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ,
तपाईंलाई उहाँको घरमा बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा
पवित्र स्वर्गदूतबाट उहाँलाई आदेश मिलेको छ। २३ तब तिनले तिनीहरूलाई
भित्र बोलाएर तिनीहरूको सत्कार गरे। भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए,
र योप्पाका कतिपय भाइहरू तिनको साथ लागे। २४ पर्सिपल्ट तिनीहरू
कैसरिया पुगे। आफ्ना कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी
कर्नेलियस तिनीहरूको बाटो हेरिरहेका थिए। २५ जब पत्रुस भित्र आए तब
कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत् गरे। २६ तर पत्रुसले
उनलाई यसो भन्दै उठाए, "उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ।"

२७ तब तिनी उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै जना
जम्मा भएका भेट्टाए। २८ तब पत्रुसले तिनीहरूलाई भने, "अरू जातिसँग सङ्गत
गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि कति अनुचित हो भन्ने
कुरा तपाईंहरूलाई थाहै छ, तापनि परमेश्‍वरले मलाई कुनै मानिसलाई अपवित्र
अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको छ। २९ यसैकारण डाक्ने बित्तिकै
केही आपत्ति नजनाई म तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन
डाक्नुभयो? अब भन्नुहोस्।" ३० तब कर्नेलियसले भने, "चार दिनअघि प्रायः यही
समय घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक
पहिरेका एक जना मानिस मेरो सामुन्ने खड़ा भए, ३१ र भने, 'कर्नेलियस,
परमेश्‍वरको सामुन्ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले गरीबहरूलाई
दिएका दानको सम्झना भएको छ। ३२ यसकारण योप्पामा मान्छे पठाएर पत्रुस

भनिने सिमोनलाई बोलाइपठाऊ। तिनी समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्।' ३३ तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं।" ३४ तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। ३६ परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात् ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) ३७ यूहन्नाले प्रचार गरेको बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो। ३९ "अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गर्‍यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।" ४४ पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। ४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, ४७ "हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ?"

*४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीं रहनुहोस् भनी अनुरोध गरे।"*

## ५. तपाईं जहाँ हुनुहुन्छ त्यहींबाट सुरु गर्नुहोस्

**सारा संसारमा उहाँका साक्षीहरू हुन वा सुसमाचार सुनाउने काममा संलग्न हुन उहाँले के नीति प्रस्तुत गर्नुभएको थियो? हेर्नुहोस् प्रेरित १:८, "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"**

पवित्र आत्माको शक्तिले सशक्त भएपछि सुसमाचार अरूहरूलाई सुनाउन वा येशूको निम्ति साक्षी हुने नीति उहाँले चेलाहरूलाई सुनाउनुभएको थियो र त्यो हामीलाई पनि दिएको नीति हो भनेर हामीले पनि शिरोपर गर्नुपर्छ। सुसमाचारको सत्य अरूहरूलाई सुनाउनुको अर्थ यो होइन कि तिनीहरू गलत बाटो, धर्म वा आस्थामा लागेकाछन् भनेर तिनीहरूलाई मूल्याङ्कन गरेर सुसमाचार सुनाउनु होइन। तर प्रकाश १४:६-१२मा लेखिएको तीन स्वर्गदूतहरूमा चित्रण गरेको येशूको बारेमा बाँड्नु हो।

***यद्यपि, प्रेरित १:८ मा अरू केही नीतिहरू पनि छन्।***

पहिलो तः "तिमीहरू यरुशलेममा मेरो लागि गवाही हुनेछौ।" यस बारेमा हामीले बारम्बार भन्नु राम्रो छः हामी भौतिकरूपमा जहाँ छौं र रहन्छौं त्यहाँ हामी उहाँको साक्षी हुनुपर्दछ। हाम्रो घर, हाम्रो चर्च, हाम्रो छिमेकी र हाम्रो समाजमा पहिले सुसमाचार सुनाउनुपर्दछ। हामी जहाँ छौं त्यहाँ उहाँको साक्षी हुनु आवश्यक छ। त्यसको लागि उहाँले हामीलाई घर, काम, आफन्त, चर्चको विश्वासीहरूसँग, सहकर्मीहरूसँग, छिमेकीहरूसँग र समुदायमा राख्नुभएको छ।

कतिपय मानिसहरू टाढा विदेशमा गएर विदेशी संस्कृति वा समाजसँग भिजेर सुसमाचार प्रचार गर्न चाहन्छन्। तर तिनीहरूको वरिपरि रहेका तत्कालिन मानिसहरूको सामु सुसमाचारको निम्ति साक्षी बन्दैनन्। हामी जहाँ छौं त्यहींबाट हामी सुरु गर्नुपर्छ र परमेश्वरले हामीलाई कहाँ अगुवाइ गर्नुहुन्छ त्यहाँ हामी सर्नुपर्छ।

अनि, उहाँले भन्नुभयो, "सारा यहूदीया र सामरिया र पृथ्वीको अन्त वा कुनाकाप्चा सम्म।" अनि हामी आफ्नो समाजभन्दा बाहिर गएर साक्षी बन्नुपर्ने वास्तवकितालाई उहाँले औँल्याउनुहुन्छ। हामी जहाँ छौँ त्यहीँबाट सुरु गरेर अघि बढ्दै अरू समाज, जाति र धार्मिक समूहकहाँ हामी पुग्नपर्छ। यदि म कुनै जाति र भाषा समूहमा छौँ भने त्यहाँ साक्षी हुन सजिलो हुन्छ किनकि म रहेको संस्कारमा कम अवरोधहरू हुन्छ। संसारको कतिपय ठाउँहरूमा केवल एउटा कुल वा जातिकोमात्रै चर्च भएको पाइन्छ। तर येशूको महान् आदेशमा हामी आफ्नो घेराबाट बाहिर गएर हाम्रा स्रोतहरू अरू समूहका मानिसहरूमा परिचालन गर्न महत्त्वपूर्ण छ भनेर उहाँले भन्नुभएको छ। तिनीहरूलाई पनि येशूको सन्देशको आवश्यकता छ।

**चुनौतिः** तपाईंको समाजमा रहेका मानिसहरूको केही आवश्यकताहरू पहिल्याउनुहोस् र त्यसको सूची बनाउनुहोस्। ती समाज वा समूदाय जहा चर्च जान प्रयास गरेको छैन।

**चुनौतीलाई अघि बढाउनः** भविष्यमा ती मानिसहरूको विशेष आवश्यकतामा सेवा गर्न अवसरको निम्ति प्रार्थना गर्नु सुरु गर्नुहोस्।

**उपसंहारः**

**थप जानकारी: एलेन जी ह्वाइटको *द आक्टस अभ आपोस्टल्सको* पृ. २५-३४ को "द ग्रेट कमिशन"को र पृ. १३१-१४२को "अ सिकर अभ ट्रुथ" पढ्नुहोस्।**

"येशू आकाशमा उक्लिनुभन्दा अघि उहाँले चेलाहरूलाई तिनीहरूले पालन गर्नुपर्ने आदेश दिनुभएको थियो। सारा संसारलाई अनन्त जीवनका धनसम्पत्तिहरू बाँड्ने जिम्मेवारी तिनीहरूलाई दिनुभएको थियो । संसारको निम्ति मेरो त्यागी जीवनलाई तिमीहरूले देखेका छौ, उहाँले तिनीहरूलाई भन्नुभयो। इस्रायलीहरूको निम्ति मेरो परिश्रम तिमीहरूले देखेका छौ। अनन्त जीवन पाउन् भनेर मेरा मानिसहरू मकहाँ आउँदैनन् । धर्मगुरु, शास्त्री, पूजारीहरू र शासकहरूले चाहेको अनुसार तिनीहरूले मलाई दुर्व्यवहार गरे, तिनीहरूले मलाई अस्वीकार गरे, परमेश्वरको पुत्रलाई ग्रहण गर्ने अर्को अवसर तिनीहरूलाई दिइनेछ। मकहाँ आफना पापहरू स्वीकार्दै आउनेहरूलाई मैले मुफतरूपमै स्वीकार गरेको तिमीहरूले देखेका छौ। जो मानिस मकहाँ आउँछ त्यसलाई म त्याग्ने छैन । मेरा चेलाहरू भएको हैशियतले दयाको सन्देश तिमीहरूलाई सुम्पिदैछु। यो सन्देश दुवै यहूदी र अन्य जातिहरूलाई सुनाउनुपर्छ। इस्राएलीहरूलाई पहिला, अनि सारा राष्ट्र, भाषा र जातिहरूलाई। विश्वास गर्ने सबै जना जम्मा भएर एउटामात्र चर्च हुनुपर्दछ।"-एलेन जी ह्वाइट, *द आक्टस अभ आपोस्टल्स*, पृ. २७,२७।

महान् आदेश स्पष्ट छ: "संसारका सबै देशहरूमा गएर चेलाहरू बनाऊ।" मत्ती २८:१९ । त्यसको अर्थ यो आदेशले अरूहरूकहाँ जानु पर्छ भनेर निश्चित रूपमा सिकाउँदछ। अरू देशहरूमा जानु पर्छ भनेर यसले बताउँदछ।

"सुसमाचार सुनाउने आदेश येशूको राज्यको महान् मिसिनेरी दस्तावेज हो । मानिसहरूलाई परमेश्वरतिर ल्याउन इमान्दारसाथ चेलाहरूले काम गर्नु भनिएको छ । सबैलाई दयाको आमन्त्रण स्वीकार्न आग्रह गर्ने चेलाहरूलाई खटाइएको थियो। मानिसहरू तिनीहरूकहाँ आउन तिनीहरू पर्खिनु होइन; तर तिनीहरूले सन्देश लिएर मानिसहरूकहाँ पुग्नुपर्दछ ।"-एलेन जी ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ. २८।

"कतिपय मानिसहरू हामीले सोचेकोभन्दा परमेश्वरको राज्यको नजिक छन्। यस अन्धकारमय पापी संसारमा प्रभुको निम्ति धेरै बहुमूल्य हारहरू छन्, तिनीहरूतिर उहाँले उहाँका सन्देशवाहकहरूलाई पठाउनुहुन्छ । कतिपय मानिसहरू संसारको फाइदाहरूभन्दा परमेश्वरको बुद्धिज्ञानलाई पक्रन चाहन्छन् र परमेश्वरको निम्ति विश्वासीलो चिराख हुन सक्छ।

तत्कालिन चेलाहरूले देखेका पत्रुसका काम परमेश्वरकै योजनामुताविक सिधै पूरा भएको तिनीहरूले महसुस गरेका थिए, र तिनीहरूको पूर्वाग्रह र सुसमाचार केवल यहूदीहरूको पेवामात्र हो भनेर ठानिरहनु सुसमाचारको भावनाको विरुद्धमा थियो भनेर स्वीकारेपछि तिनीहरूले परमेश्वरको महिमा गरे र भने, "तब अन्यजातिहरू पनि जीवन दिन पश्चातापको सुसमाचार परमेश्वरले दिनुभएको रहेछ ।" यसले गर्दा कुनै विवादै नगरी तिनीहरूमा भएको पूर्वाग्रह तोडिएको थियो र यहूदी संस्कारले गर्दा सुसमाचार आफ्नै लागिमात्र हो भन्ने संस्कारलाई तिनीहरूले त्यागीदिए र अन्यजातिहरूकहाँ सुसमाचार घोषणा गर्ने बाटो खोलिएको थियो ।"- *द आक्टस अभ आपोस्टल्स,* पृ. १४०-१४२।

**चिन्तनमनन:**

अ. तपाईंको आफ्नै जीवनमा "मिसन" भन्ने शब्दलाई कसरी प्रयोग गर्नुहुन्छ?

आ. तपाईंको दैनिक जीवनको क्रियाकलाप, व्यवहार र मनस्थितिले मिसनलाई कसरी व्यक्त गर्न सक्नुहुन्छ? दैनिक जीवनको काममा तपाईंको दिमागमा मिसन भन्ने शब्दलाई कसरी अड्डा जमाइराख्नु हुन्छ?

इ. हामीले मननपर्ने र हामीहरूलाई मन नपर्नेहरूप्रति भएको पूर्वाग्रहलाई हटाउन हाम्रो हृदयहरू खोतल्न परमेश्वरबाट शक्ति खोज्नु कतिको महत्त्वपूर्ण छ?

**कथा ३**

**अन्धाहरूलाई आशा**

**कोसमास**

**क्यामारून**



कोसमास सुसमाचार प्रचारक थिए। उनी आफ्नै खर्च जुटाएर सुसमाचार प्रचारको काम गर्थे र सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई सघाउँथे। एकदिन उनले पश्चिम अफ्रिकाको क्यामरुन देशको सबभन्दा ठुलो सहर डुवालामा सार्वजनिक सुसमाचार प्रचार गर्ने तरखरमा थिए। त्यसबेला एक जना अन्धो मानिस उनकहाँ आयो र यो कुरा सुनायो, "तपाईंको जीवनमा केही गर्ने लक्ष्य छ भने तपाईंले अन्धाहरूलाई पनि सहयोग गर्नुपर्छ।" कोसमासको दिमागमा ती शब्दहरू नाची रहन थाल्यो। त्यस रात अन्धो मानिससँग कुरा गरिरहेको उनले सपना देखे। अर्को दिन आफूले देखेको सपनासँग अघिल्लो दिनमा भेटेको मानिससित केही सम्बन्ध थियो कि भनेर सोच्न थाले। त्यस दिन आफ्नो सार्वजनिक सुसमाचार प्रचार गर्न तयारी गर्दै थिए तब त्यसबेला उनले अर्को दश जना अन्धा मानिसहरूलाई भेटे। त्यस रात उनले आफू फुटबल खेल्ने रङ्गशालामा बसिरहेको सपना देखे। त्यस रङ्गशालामा दर्शकहरू त अन्धा नै अन्धा थिए। जब उनी निन्द्राबाट व्युँझै अन्धाहरूको माझमा काम गर्न उनलाई परमेश्वरले आह्वान गरिरहनुभएको महसुस गरे। यो सन २०१४ सालतिरको कुरो हो। आज कोसमोसले ३५० जना अन्धाहरूको रेखदेख गर्छन्। उनले तिनीहरूलाई सुसमाचार सुनाउँछन्। उनले तिनीहरूलाई बाइबल सिकाउँछन्। तिनीहरूको सामाजिक र शैक्षिक आवश्यकताहरूमा सहयोग गर्छन्। तिनीहरूमा धेरैले बप्तिस्मा लिएकाछन्। यहाँ दुई जनाका कथाहरू उल्लेख गरिएका छन्।

**आप्पोलिनायर**



**आप्पोलिनायर** मेकानिक वा मिस्त्री हुन्र उनले फ्रेन्चहरूको कार बनाउने फ्याक्टोरीमा झण्डै बिस वर्ष काम गरेका थिए। १९९०मा उनको आँखा दुख्न थाल्यो। बिस्तारै उनले सबै कुरो धमिलो देख्न थाल्यो। अनि दुई आँखाले देख्न छोड्यो र

२००४मा उसले कामबाट निस्किनु पऱ्यो।

घरमा बसेर उनले धेरै समय रेडियो सुन्न बिताउन थाल्यो। शनिबार बेलुका इट इज रिटन एडभेन्टिस्ट रेडियो प्रसारण थाले। उसले एक दिन त्यस प्रसारणमार्फत अन्धाहरूको निम्ति एक घन्टा लामो कार्यक्रममा बोल्यो। श्रोताहरूलाई साबथ बिहान चर्चमा सरिक हुन आह्वान गऱ्यो।

एक दिन सोमबार **आप्पोलिनायर रेडियो स्टेशनमा** गयो। त्यहाँ उसले कोसमासलाई भेट्न गएको थियो। हप्ता भरि कोसमास अस्पतालमा काम गर्छन् भनेर रेडियो स्टेशनको मानिसले उसलाई बतायो। त्यसकारण, कोसमासलाई भेट्न आप्पोलिनायर अस्पतालमै गयो। ती दुवै जना साबथमा चर्चमा भेट्ने कुरमा सहमति भए। अनि त्यसपछि आप्पोलिनायर हरेक साबथ चर्चमा जान थाल्यो। केही समय पछि उसले बप्तिस्मा लियो र एडभेन्टिस्ट चर्चको सदस्य भयो।

आज आप्पोलिनायर ५८ वर्षको छ। परमेश्वरलाई प्रेम गर्ने र अन्धाहरूसँग उहाँको आराधना गर्न पाएकोले आपू खुशी भएको उसले बतायो। "समाजले हामीलाई बहिष्कार गरेपनि परमेश्वरलाई प्रेम गर्नेहरूले हामीप्रति सरोकार राखेकोमा मलाई अचम्म लाग्छ," आप्पोलिनायरले सुनाउँछ।

## फ्लोरा



जब फ्लोरा ३२ वर्षकी थिइन् उनको टाउको दुख्न थाल्यो। उनको कहिल्यै पनि आँखाको समस्या थिएन। तर तीन महिनापछि उनी पूरै अन्धी भइन्। समाजले उनलाई बहिष्कार गरेको थियो र उनी घरमा एक्लै रहन थालिन्। उनले इटइज रिटन रेडियो प्रसारण सुन्न थालिन्। कोसमासको कार्यक्रमप्रति उनी आकर्षित भइन्। फ्लोरा रोमन क्याथोलिक चर्चको संस्कारमा हुर्केकी थिइन्। येशू क्याथोलिक फादर वा पादरी जस्तै हुनुहुन्छ भनेर उनले जहिले पनि सोचेकी थिइन्। जब उनको केही समस्य हुन्थ्यो तब उनी फादर वा पादरीकहाँ जान्थिन्। इट इज रिटन प्रसारणबाट उनले येशूको बारेमा अर्कै धारणा सुन्न थालिन्। येशूले मानिसहरूको जीवन परिवर्तन गर्न सक्नुहुन्छ भनेर त्यस प्रसारणबाट सिकिन्। एडभेन्टिस्टहरूले अन्धाहरूको सम्मान गर्छन् भनेर उनले जानकारी पाइन्। उनी साबथमा चर्चमा जान थाले।

एक महिना पछि फ्लोरा फेरि खुशी हुन थालिन्। आफूसँग भएको खुशियाली अरूहरूलाई बाँड्ने चाहना उनमा उब्जिन थाल्यो। उनले बप्तिस्माद्वारा एडभेन्टिस्ट चर्चमा सरिक भइन्।

अनि उनले एक जना चर्चको सदस्यलाई भेटिन्। उक्त सदस्यले उनीसँग विवाह गर्न मन लागेको भनेर सुनायो। तर त्यस कुरालाई उसको परिवारले विरोध गर्‍यो। "यदि म अन्धो भएको भए के म विवाह नै नगरि बसेको तपाईंहरूले मन पराउनुहुन्छ त? त्यसकारण फ्लोरासँग विवाह गर्न दिनुहोस्," उसले आफ्नो परिवारलाई अनुरोध गर्‍यो। २०२२मा तिनीहरूको विवाह सम्पन्न भयो।

आज फ्लोरा ४० वर्षकी छिन्। उनले अन्धाहरूलाई कम्प्युटर सिकाउँछिन्। कसैलाई पनि अस्वीकार नगर्ने येशूको बारेमा अरूहरूलाई सुनाउन पाउँदा आफू धेरै आनन्दित भएको उनले सुनाउँछिन्। "हो, म अन्धी छु। तर म आनन्दित जीवन बिताइरहेको छु। यस संसारमा मेरो पनि ठाउँ छ र मलाई केहीको खाँचो छैन," मुस्कुराएर फ्लोराले सुनाउँछिन्।

*-आन्ड्र्यु मेकचेस्नी*